Standard Chartered

Standard Chartered Bank Nepal Limited | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

# स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको तीसौं बार्षिक साधारण सभाको विवरण (माइन्यूट)

**१. वैधानिक सभा :**
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको **मिति ८ मंसिर २०७३ (२३ नोभेम्वर २०१६)** गते बसेको **संचालक समितिको ३४८औं** बैठकको निर्णय अनुसार प्रचलित कम्पनी कानून तथा बैंकको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंकको तीसौं वार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष **श्री अनन्त नारायण** ज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

**२. सभाको स्थान, मिति र समय :**
२.१ स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।
२.२ मिति : २०७३ साल मंसिर ३० गते (तदनुसार १५ डिसेम्बर २०१६), बिहिबार ।
२.३ समय : दिउँसो १:३० बजे प्रारम्भ भई साँझ ५:०० बजे सम्पन्न भयो ।

**३. सभाको सूचना प्रकाशन :**

३.१ साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरू सहितका विवरण खुलाई मिति २०७३ साल मंसिर ०९ गते बिहिबार (तदनुसार २४ नोभेम्वर २०१६) को 'नागरीक दैनिक' पत्रिकामा तथा मिति २०७३ साल मंसिर १० गते, शुक्रबार (तदनुसार २४ नोभेम्वर २०१६) को 'कारोबार दैनिक' पत्रिकामा प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

३.२ सञ्चालक समितिको तर्फबाट अध्यक्षको मन्तव्य, वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण (संक्षिप्त आर्थिक विवरण) तथा अन्य विवरणहरू संक्षिप्त पुस्तिकाको रूपमा प्रत्येक शेयरधनी महानुभावहरूले उपलब्ध गराउनु भएको व्यक्तिगत ठेगानामा पत्राचार गरी यथासमयमा पठाइएको थियो ।

**४. सभाको विषय सूची :**

**क) सामान्य प्रस्ताव**

१. ३०औं वार्षिक साधारण सभाका लागि संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन र प्रमुख कार्यकारी अधिकृत एवं संचालकको प्रतिवेदन माथि छलफल र पारीत गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७३ आषाढ मसान्तको वासलात र मिति २०७२/०४/०१ देखि २०७३/०३/३१ सम्मको नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल र पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु. १.७५ का दरले नगद लाभांश (कर प्रयोजनको लागि) स्वीकृत गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७३/७४ का लागि बैंकको लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

**ख) विशेष प्रस्ताव**

५. बैंकको अधिकृत पूँजी वृद्धि गरी रू. ८,००,००,००,०००/- (अक्षेरुपी आठ अर्ब रुपैयाँ) पुऱ्याउन स्वीकृत गर्ने ।

६. बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गरी रू. ३,७४,९९,०१,३३३ (अक्षेरुपी तीन अर्ब चौहत्तर करोड उनान्सय लाख एक हजार तिन सय तेत्तिस रुपैयाँ) पुऱ्याउन ३३.३३ प्रतिशत (अर्थात प्रत्येक ३ शेयर बराबर १ शेयर) को अनुपातमा बोनश शेयर जारी गर्न स्वीकृत गर्ने ।

७. नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आ. व. २०७३/०७४ सम्म बैंकले चुक्ता पूँजी वृद्धि गरी रु. ८ अर्ब पुऱ्याउन पर्ने प्रावधान वमोजिम रु. ३,३०,००,००,००० (अक्षेरुपी तिन अर्ब तिस करोड रुपैयाँ) (प्रिमियमबाट प्राप्त हुने रकम समेत) बराबरको रकम संकलन गर्ने गरी प्रिमियम मूल्यमा जारी गर्नुपर्ने थप शेयरको हिसाब गर्ने, सो को लागि अपनाउनु पर्ने विधि, प्रकृया, मूल्य समेत निर्धारण गर्ने लगायत धितोपत्र व्यवसायीको नियुक्ति, विवरणपत्र प्रकाशित गर्ने र अधिकारप्राप्त निकायहरु समक्ष निवेदन दिने, स्वीकृति लिने समेतका सो सँग सम्बन्धित आवश्यक सम्पूर्ण काम-कारवाही गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने ।

८. प्रस्ताव गरीए बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधन स्वीकृत गर्ने । तथा प्रस्तावित संशोधनमा नियमनकारी

निकाय(हरु) बाट कुनै सामान्य फेरबदल सुझाव भएमा सो सुझाव अनुसार आवश्यक फेरबदल गर्न बैंकको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै व्यक्तिलाई अख्तियारी दिने ।

**ग) विविध ।**

**५. उपस्थिति :**

**५.१. सञ्चालकहरू :**

(क) श्री अनन्त नारायण - अध्यक्ष
(ख) श्री अनुराग अद्लखा - सञ्चालक तथा सदस्य
- लेखापरीक्षण समिति
(ग) श्री सुजित मुन्दुल - सञ्चालक/अध्यक्ष
- लेखापरीक्षण समिति/सदस्य
- जोखिम व्यवस्थापन समिति
(घ) श्री शंकरलाल अग्रवाल - संचालक तथा सदस्य
- लेखापरीक्षण समिति
(ङ) श्री कृष्ण कुमार प्रधान - संचालक तथा अध्यक्ष
- जोखिम व्यवस्थापन समिति
(च) श्री जोसेफ सिल्भानस - संचालक तथा प्रमुख कार्यकारी अधिकृत

**५.२. प्रतिनिधिहरू :**

(क) श्री माईकल सिद्धि बज्राचार्य - स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज लिमिटेड, सिड्नी, अष्ट्रेलिया
(ख) श्री आदर्श बजगाई - स्ट्याण्डर्ड चार्टर्ड बैंक, लण्डन, संयुक्त अधिराज्य

**५.३. पर्यवेक्षकहरू :**

(क) श्री खेम राज खत्री - श्री कम्पनी रजिष्ट्रारको कार्यालय
(ख) श्री रुपेश के. सी. - श्री नेपाल धितोपत्र बोर्ड

**५.४. शेयरधनीहरूको उपस्थिति :**

(क) कुल शेयर (संख्यामा) - २,८१,२४,२६०
(ख) जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) - २,१४,२५,०८२
(ग) शेयरधनी स्वयंबाट प्रतिनिधित्व (संख्यामा) - ३,३१,८८७
(घ) संस्थापकको प्रतिनिधिबाट प्रतिनिधित्व (संख्यामा) - २,१०,९३,१९५
(ङ) जम्मा उपस्थित शेयरधनीहरूको संख्या - १०२५
(च) जम्मा शेयर संख्याको प्रतिनिधित्व (प्रतिशतमा) - ७६.१८ प्रतिशत

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरू मतदान गर्न योग्य हुनुहुन्थ्यो ।

**६. सभाको वैधानिकता र गणपुरक संख्या :**

६.१. साधारण सभा शुरू हुनु अघि कम्पनी सचिवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई बैंकको तर्फबाट स्वागत गर्नुहुँदै कम्पनी ऐन, २०६३, बैंकको प्रबन्ध-पत्र तथा नियमावली र प्रचलित नेपाल कानून बमोजिम ३०औं वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ अनुरूप सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको सभालाई जानकारी दिनुभयो ।

६.२. तत्पश्चात् निर्धारित विषय-सूचीको क्रमानुसार कानून बमोजिम सभा अगाडि बढ्यो ।

**७. सभाको अध्यक्षता र सभा सञ्चालन :**

सभाको वैधानिकता पूरा भएपछि सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ र बैंकको नियमावलीको नियम ६ (१) अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री अनन्त नारायण ज्यूलाई यस वार्षिक साधारण सभाको अध्यक्षता गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो र श्री अनन्त नारायण ज्यूले सभाको अध्यक्षता गर्नुभयो ।

**८. संचालक समितिको तीसौं वार्षिक प्रतिवेदन प्रस्तुति :**

८.१. सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा सञ्चालक समितिका अध्यक्ष श्री अन्नत नारायणज्यूले आफ्नो मन्तव्यको मुख्य मुख्य अंश पढेर सुनाउनु भयो ।

८.२. अध्यक्षको मन्तव्य प्रस्तुत भएपछि सञ्चालक समितिको तीसौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०७३ आषाढ मसान्तको वासलात र मिति २०७२/०४/०१ देखि २०७३/०३/३१ सम्मको नाफा नोक्सानको हिसाब र सोही अवधिको नगद प्रवाह विवरण संलग्न अनुसूचीहरु उपर छलफल गरी पारित गर्नका लागि आ-आफ्नो बिचार, जिज्ञासा, मन्तव्य, सुझाव तथा प्रश्न राख्न तथा छलफल गर्न ईच्छुक शेयरधनी महानुभावहरूलाई सभाका अध्यक्ष श्री अनन्त नारायण ज्यूले आह्वान गर्नुभयो ।

**९. छलफलमा सहभागी हुनुभएका शेयरधनी महानुभावहरू :**

छलफलका लागि अध्यक्षले आमन्त्रण गर्नु भए अनुसार सभामा निम्न शेयरधनी महानुभावहरूले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु राख्नु भयो ।

श्री ब्यास कुमार शर्मा
श्री डिल्ली राम नकर्मी
श्री राजेश शाक्य
मेजर कुवेर लाल श्रेष्ठ
श्री नवराज शर्मा
श्री चन्द्र नारायण श्रेष्ठ
श्री जयेन्द्रमान सिंह बानीया
श्री उद्धव प्रसाद घिमिरे
श्री शिव प्रसाद शर्मा
श्री ईश्वरदास कर्माचार्य
श्री कृष्ण प्रसाद कश्यप
डा.माधव कुमार श्रेष्ठ
डा. सुन्दर लाल श्रेष्ठ
श्री महेन्द्र बहादुर श्रेष्ठ
श्री डमरु बल्लभ घिमिरे
श्री रोज कुमार श्रेष्ठ

## १०. शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्यको संक्षिप्त विवरण :

छलफलको क्रममा सहभागी हुने शेयरधनी महानुभावहरूले पेश गर्नुभएको मन्तव्य तथा सुझावका मुख्य बुँदाहरु देहाय बमोजिम संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ :

### १. डा.सुन्दरलाल श्रेष्ठ

यस स्ट्याण्डर्ड चार्टर्ड बैक नेपाल लि. ले आ. व. २०७२/७३ को आम्दानीबाट ३३.३३ प्रतिशत बोनस शेयर शेयरधनीलाई दिनुभएकोमा बैकका अध्यक्ष तथा संचालक समितिलाई धन्यवाद दिनु भयो। यस बैकको कर्पोरेट अफिस आफ्नै भवनमा हुनु पर्नेमा जोड दिनु भयो। साथै बैंकको कर्जा लगानी अन्य बैंकको भन्दा कम रहेको भनि प्रतिकृया दिंदै कर्जा लगानी बढाई शेयरधनीलाई बढी भन्दा बढी प्रतिफल दिने तर्फ ध्यान केन्द्रित गर्न सुझाव दिनु भयो।

### २. डिल्लीराम नकर्मी

विदेशी विनिमयबाट प्राप्त आम्दानी बाहेक अन्य क्रियाकलापबाट प्राप्त आम्दानीमा ह्रास आएको भनि प्रतिकृया दिंदै सो तर्फ विशेष ध्यान दिन सुझाव दिंदै लगानीमा लचकता देखाउन अनुरोध गर्नु भयो। साथै बैंकको शाखा विस्तार गर्न समेत सुझाव दिनु भयो। बैंकले लगानी नगरेका अन्य क्षेत्रमा पनि लगानी बढाउनका लागि सुझाव दिनु भयो।

### ३. मेजर कुवेर श्रेष्ठ

यस बैंकको वित्तीय विवरणहरुको अध्ययन गर्दा विदेशी मुद्रा सटहीबाहेक अन्य आम्दानी बैंकले बढाउन नसकेकोमा गुनासो गर्दै व्यवसाय बृद्धि गर्दै अन्य आम्दानी बढाउन सुझाव दिनु भयो । FPO को मुल्य कायम गर्दा शेयरधनीहरुले खरीद गर्न सक्ने गरी कायम गर्न सकेमा राम्रो हुने थियो भनि आफ्नो बिचार व्यक्त गर्नु भयो । ATM लगायत बैंकबाट अनधिकृत व्यक्तिहरुबाट हुन सक्ने वित्तीय अपराध रोक्न बैंकले के कस्तो व्यवस्था गरेको छ सो सम्वन्धमा जानकारी गराउन अनुरोध गर्नु भयो । भारतमा भएको Currency demonitization ले बैंकलाई के कस्तो असर गरयो सो सम्वन्धमा शेयरधनीहरुलाई जानकारी गराउन अनुरोध गर्नु भयो । साधारण सभा खर्च कटौति गर्न सुझाव दिनु भयो । आगामी बर्षको लागी कार्यक्रम र योजनाहरु सहित व्यवसाय बृद्धिमा ध्यान दिनका लागी अनुरोध गर्दै आगामी दिनमा यस बैंकको उत्तरोरत प्रगतीको कामना गर्दछु भनि सुभेच्छा व्यक्त गर्नु भयो ।

### ४. व्यास कुमार शर्मा

यस स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि. ले आ. व. २०७२/७३ को आम्दानीबाट ३३.३३ प्रतिशत बोनस शेयर शेयरधनीलाई दिनुभएकोमा बैकका अध्यक्ष तथा संचालक समितिलाई धन्यवाद दिनु भयो। आफनो सम्पत्तीको गुणस्तर कायम राख्दै लगानीमा बृद्धि गर्दै शेयरधनीहरुलाई थप प्रतिफल दिन सुझाव दिनु भयो।

### ५. नवराज घिमिरे

बैंकको पूँजी बृद्धि FPO बाट नगरी बोनस शेयर तथा हकप्रद शेयरबाट गरेको भए बैंकका शेयरधनी लाभान्वित हुने थिए भनि प्रतिकृया दिनु भयो। बैंकको कार्यसम्पादन बृद्धि गरी शेयरधनीलाई बढि भन्दा बढि प्रतिफल दिने तर्फ बिशेष ध्यान दिई लगानी बृद्धि गर्न सुझाव दिनु भयो।

### ६. माधव कुमार श्रेष्ठ

यस सभाका सभापति लगायत अन्य उपस्थित महानुभावहरुलाई धन्यवाद दिंदै यस बैकले शेयरधनीलाई ३३.३३ प्रतिशत बोनस शेयर दिएकोमा धन्यवाद दिनु भयो।

### ७. श्री जयन्द्रमान सिंह बानिया

यस बैंकको वित्तीय अवस्था तथा कार्य सम्पादन सन्तोषजनक नरहेको भनि प्रतिकृया दिंदै सो तर्फ ध्यान दिन सुझाव दिनु भयो। बैंकको प्रति शेयर आम्दानी घटेकोमा चिन्ता व्यक्त गर्नु भयो। बैंकको विदेशी मुद्रा आम्दानी उत्कृष्ट रहेको र खराव कर्जा घटेको भनि प्रशंसा गर्नु भयो। बैंकको पूँजी ८ अर्ब हुन गई रहेको हुँदा लगानी बृद्धि गर्दै नाफा बढाउने तर्फ बिशेष ध्यान दिन सुझाव दिनु भयो।

### ८. उद्धव प्रसाद घिमिरे

साधारण सभामा उपस्थित सभापति, संचालक समिति तथा शेयरधनी साथीहरुमा धन्यवाद दिनुका साथै बैंकको वित्तिय विवरण स्पष्ट बुझीने गरी प्रकाशित गर्न र बैंकको पूँजी FPO बाट नभई हकप्रद शेयर जारी गरी पूँजी बृद्धि गरेको भए राम्रो हुने थियो भनि आफ्नो बिचार व्यक्त गर्नु भयो।

### ९. शिव प्रसाद शर्मा

बैंकको पूँजी बृद्धि FPO बाट नगरी हकप्रद शेयर मार्फत् गरेको भए शेयरधनीलाई राम्रो हुने थियो भनि बिचार राख्नु भयो। साथै जलविधुत लगायत अन्य क्षेत्रमा समेत लगानी गरी बैंकको आम्दानी बढाउन सुझाव दिनु भयो।

### १०. रोज कुमार श्रेष्ठ

यस स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि. ले आ. व. २०७२/७३ को आम्दानीबाट ३३.३३ प्रतिशत बोनस शेयर शेयरधनीलाई दिनुभएकोमा बैंकका अध्यक्ष तथा संचालक समितिलाई धन्यवाद दिनु भयो। आफनो सम्पत्तीको गुणस्तर कायम राख्दै लगानीमा बृद्धि गर्दै शेयरधनीहरुलाई थप प्रतिफल दिन सुझाव दिनु भयो।

### ११. ईश्वर दास कर्माचार्य

बैंकको वासलातको आकार ६५ अर्व रहेको हुँदा सोमा थप बृद्धि गर्न सुझाव दिनु भयो। ँएइ जारी गरे पश्चात् बैंकको शेयर संरचना कस्तो हुने हो सो जानकारी गराउन अनुरोध गर्नु भयो।

### १२. महेन्द्र बहादुर श्रेष्ठ

FPO जारी गर्ने हो भने शेयर संरचना के कस्तो हुने हो सो कुरा जानकारी गराउन अनुरोध गर्नु भयो। अन्तर्राष्ट्रिय बैंक भएपनि स्थानिय बजारको आवश्यकता अनुसार कार्ययोजना ल्याउनु पर्नेमा जोड दिनु भयो। शेयरधनीहरुलाई खाता कम मौज्दातमा खोल्ने व्यवस्था मिलाउनुका साथै साधारण सभामा हस्ताक्षर verification लाई सरलिकृत गर्न सुझाव दिनु भयो।

**१३. श्री डमरु बल्लभ धिमिरे**
FPO जारी हुनु आफैमा नराम्रो होईन भन्दै पूँजी बृद्धि आधा FPO र आधा हकप्रद शेयर जारी गरी गर्न सकिन्छ कि सो तर्फ बिचार गर्न अनुरोध गर्नु भयो । बैंकका कर्मचारीहरुको कार्यसम्पादन अझ बढाउन संचालक समिति र व्यवस्थापनले सो तर्फ ध्यान दिन सुझाव दिनु भयो ।

**१४. चन्द्र नारायण श्रेष्ठ**
बैंकको Cost of fund कम रहेको बैंक भएकोले कर्जा प्रवाह गर्ने तर्फ ध्यान दिन आवश्यक रहेकोछ भनि सुझाव दिनु भयो

**१५. कृष्ण प्रसाद कस्यप**
यस बैंकले FPO को स्थानमा हकप्रद शेयर जारी भए बैंकका शेयरधनीहरुलाई लाभ हुने थियो भनि आफ्नो बिचार राख्नु भयो । जेष्ठ नागरीकहरुलाई साधारण सभामा सहभागी हुन तथा आफ्ना विचार अभिब्यक्त गर्न बैंकले पहिलो प्राथमिकता दिनु पर्ने भनि सुझाव समेत दिनु भयो

**१६. राजेश शाक्य**
FPO कसरी र कति मुल्यमा जारि गर्ने सो सम्बन्धमा अस्पष्टता रहेको भनि प्रतिकृया दिनु भयो । क्रिसमसको शुभकामना सहित बैंकको उतरोत्तर प्रगतीको लागि शुभकामना व्यक्त गर्नु भयो ।

**११. सभाका अध्यक्षज्यूको जवाफ**:
साधारण सभामा भाग लिन आउनु भएका शेयरधनीहरुलाई धन्यवाद दिंदै उहाँले शेयरधनीहरुले गर्नु भएको प्रशंसा, उठाउनु भएका जिज्ञासा तथा प्रश्नहरुको लागि पनि सञ्चालक समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्नु भयो। उहाँले आफूले अहिले नै जवाफ दिनसक्ने प्रश्नहरुको जवाफ दिने प्रयास गर्ने तथा शेयरधनीहरुमध्ये कसैको प्रश्न अनुत्तरित रहेमा कर्पोरेट अफेयर्स बिभाग/कम्पनी सचिवलाई सम्पर्क गर्न सक्ने र सोको जवाफ दिइने कुरा बताउनु भयो ।

- **हाम्रो कार्यसम्पादन :** बैंकको कार्यसम्पादनको सम्बन्धमा हामी जानकार छौं र यसलाई सुधार गर्दै लैजान बैंक ब्यवस्थापन सचेत रहेको छ । बैंकको कार्यसम्पादन बृद्धि देशको आर्थिक बृद्धिमा भर पर्ने हुँदा देशको आर्थिक बृद्धि संकुचित रहेको अवस्थामा बैंकको बृद्धि स्वभाविक रुपमा कमै रहन्छ । हामी कमर्सियल बैंक भएकाले विदेशी मुद्रा सटही आम्दानीका साथ साथै हामी कर्जा लगानीमा समेत रहेको केन्द्रित भई आफ्नो बैंकको मुनाफालाई बृद्धि गर्दै लैजाने छौं । आर्थिक विकास १ प्रतिशत हुँदा अवस्थामा बैंकको दिगो बृद्धिदर बढी हुन सक्दैन । त्यसैगरी बैंकले मार्जिन लेंडिङ्ग कर्जा लगायत अन्य अत्यधिक जोखिमयुक्त कर्जा प्रवाह गर्दैन जुन तपाई शेयरधनीहरुको लगानीको सुरक्षाको लागी नै हो भनि शेयरधनी महानुभावहरुलाई जानकारी गराउनु भयो ।

- **बोनस, हकप्रद र FPO:** नेपाल राष्ट्र बैंकको नियम अनुसार ८ अर्ब पूँजी कसरी पुर्याउने भन्ने सम्बन्धमा हामीले धेरै छलफल गरेका थियौं । गत बर्षको साधारण सभामा तपाई शेयरधनीहरुको सुझाव बमोजिम हामीले आ. व. २०७२/७३ को सम्पुर्ण आम्दानीबाट बोनस शेयर दिएका छौं। FPO गर्दा नयाँ शेयर जारी हुने र उक्त शेयरमा संस्थापक शेयरधनी र संचालक बाहेक सर्वसाधारण लगानीकर्ताले मात्र आवेदन दिन सक्ने हुँदा हाल यस बैंकमा रहेके संस्थापक शेयरधनीको शेयर धारण अनुपात गई सर्वसाधारण शेयरधनीको शेयर धारण अनुपात बढन जाने हुँदा FPO बाट संस्थापक शेयरधनी भन्दा सर्वसाधारण लगानीकर्ता लाभान्वित हुने ब्यहोरा जानकरी गराउनु भयो ।

- बैंक ATM लगायत अन्य माध्यमबाट हुने वित्तीय अपराध बारे सचेत रहेको र सो को रोकथामका लागी विविध प्रक्रियाहरु अवलम्वन गरीएको ब्यहोरा जानकारी गराउनु भयो ।

- भारतमा भएको नोटबन्दी (Demonetization) को असर बैंकलाई नपरेको सम्बन्धमा समेत जानकारी गराउनु भयो ।

**१२. प्रस्ताव तथा निर्णय** :
अध्यक्षज्यूले जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने निर्णय भयो ।

**क) सामान्य प्रस्ताव**

**१. अध्यक्षको मन्तव्य र तीसौं वार्षिक साधारण सभाका लागि प्रमुख कार्यकारी अधिकृतको प्रतिवेदन :**

**निर्णयः**
संचालक समितिको तर्फबाट अध्यक्षको मन्तव्य र तीसौं वार्षिक साधारण सभाका लागि प्रमुख कार्यकारी अधिकृतको प्रतिवेदन पारित गर्ने प्रस्ताव अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७३ आषाढ मसान्तको वासलात र मिति २०७२/०४/०१ देखि २०७३/०३/३१ सम्मको नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल र पारित गर्ने :**

**निर्णयः**
लेखापरीक्षकको प्रतिवेदन सहित २०७३ आषाढ मसान्तको वासलात र मिति २०७२/०४/०१ देखि २०७३/०३/३१ सम्मको नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल र पारित गर्ने प्रस्ताव सभाका अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु. १.७५ का दरले नगद लाभांश स्वीकृत गर्ने :**

**निर्णयः**
सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु. १.७५ (अक्षरुपी एक रुपैयाँ पचहत्तर पैसा) का दरले (१.७५ प्रतिशत) नगद लाभांश स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव सभाका अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७३/७४ का लागि बैंकको लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने/अनुमोदन गर्ने ।**

**निर्णयः**
यस साधारण सभाको समाप्तिदेखि अर्को साधारण सभासम्मको लागी लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तय गर्ने प्रस्तावका सम्बन्धमा कम्पनी ऐन, २०६३ ले व्यवस्था गरे बमोजिम बैंकको लेखापरीक्षण समिति र संचालक समितिले श्री एल. डि. एस. ए. एसोसिएट्स्, चार्टर्ड एकाउन्टेन्ट्स्लाई नियुक्तिको लागि सिफारिस गरेको जानकारी अध्यक्षले गराउँदै शेयरधनीहरूलाई उक्त लेखापरीक्षण फर्मलाई आर्थिक वर्ष २०७३/०७४ का लागि लेखापरीक्षक नियुक्त गर्ने र उक्त फर्मलाई मूल्य अभिबृद्धि कर तथा अन्य खर्च समेत गरी लेखापरीक्षण शुल्क जम्मा रु. २०,५०,०००/- (अक्षेरुपी बिस लाख पचास हजार मात्र) कायम गर्ने गरी नियुक्त गर्ने प्रस्ताव स्वीकृति/अनुमोदनका लागि पेश गरिएकोमा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**ख) विशेष प्रस्ताव**

**५. बैंकको अधिकृत पूँजी वृद्धि गरी रु. ८,००,००,००,०००/- (अक्षेरुपी आठ अर्ब रुपैयाँ) पुर्‍याउन स्वीकृत गर्ने** :

**निर्णयः**
बैंकको अधिकृत पूँजी वृद्धि गरी रु. ८,००,००,००,०००/- (अक्षेरुपी आठ अर्ब रुपैयाँ) बनाउने सम्बन्धी विशेष प्रस्ताव सभाका अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

६. बैंकको **जारी तथा चुक्ता** पूँजी बृद्धि गरी रू. ३,७४,९९,०१,३३३ (अक्षेरुपी तीन अर्ब चौहत्तर करोड उनान्सय लाख एक हजार तिन सय तेत्तिस रुपैयाँ) पुर्‍याउन ३३.३३ प्रतिशत (अर्थात् प्रत्येक ३ शेयर बराबर १ शेयर) को अनुपातमा बोनश शेयर जारी गर्न स्वीकृत गर्ने ।

**निर्णयः**
बैंकको **जारी तथा चुक्ता पूँजी बृद्धि गरी रू. ३,७४,९९,०१,३३३ (अक्षेरुपी तीन अर्ब चौहत्तर करोड उनान्सय लाख एक हजार तिन सय तेतिस रुपैयाँ)** पुर्‍याउन ३३.३३ प्रतिशत (अर्थात प्रत्येक ३ शेयर बराबर १ शेयर) को अनुपातमा बोनश शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाका अध्यक्षज्यूबाट सभामा प्रस्तुत हुँदा सो विशेष प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

७. नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आ. व. २०७३/०७४ सम्म बैंकले चुक्ता पूँजी वृद्धि गरी रु. ८ अर्ब पुर्‍याउन पर्ने प्रावधान वमोजिम **रु. ३,३०,००,००,००० (अक्षेरुपी तिन अर्ब तिस करोड रुपैया)** (प्रिमियमबाट प्राप्त हुने रकम समेत) बराबरको रकम संकलन गर्ने गरी प्रिमियम मूल्यमा जारी गर्नुपर्ने थप शेयरको हिसाब गर्ने, सो को लागि अपनाउनु पर्ने विधि, प्रकृया, मूल्य समेत निर्धारण गर्ने लगायत धितोपत्र व्यवसायीको नियुक्ति, विवरणपत्र प्रकाशित गर्ने र अधिकारप्राप्त निकायहरु समक्ष निवेदन दिने, स्वीकृति लिने समेतका सो सँग सम्बन्धित आवश्यक सम्पूर्ण काम-कारवाही गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने ।

**निर्णयः**
नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आ. व. २०७३/०७४ सम्म बैंकले चुक्ता पूँजी वृद्धि गरी रु. ८ अर्ब पुचाउनु पर्ने प्रावधान वमोजिम रु. ३,३०,००,००,००० (अक्षेरुपी तिन अर्ब तिस करोड रुपैया) (प्रिमियमबाट प्राप्त हुने रकम समेत) बराबरको रकम संकलन गर्ने गरी प्रिमियम मूल्यमा जारी गर्नुपर्ने थप शेयरको हिसाब गर्ने, सो को लागि अपनाउनु पर्ने विधि, प्रकृया तथा सर्वसाधारणको लागी तय गरिने मूल्य समेत निर्धारण गर्ने लगायत धितोपत्र व्यवसायीको नियुक्ति, विवरणपत्र प्रकाशित गर्ने र अधिकारप्राप्त निकायहरु समक्ष निवेदन दिने, स्वीकृति लिने समेतका सो सँग सम्बन्धित आवश्यक सम्पूर्ण काम-कारवाही गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने विशेष प्रस्ताव पारित गर्नको लागि सभाका अध्यक्षज्यूबाट प्रस्ताव गर्नु भएकोमा सोही मुताबिक जारी गर्नुपर्ने थप शेयरको हिसाब गर्ने, सो को लागि अपनाउनु पर्ने विधि, प्रकृया, प्रिमियम मूल्य समेत निर्धारण गर्ने लगायत धितोपत्र व्यवसायीको नियुक्ति, विवरणपत्र प्रकाशित गर्ने र अधिकारप्राप्त निकायहरु समक्ष निवेदन दिने, स्वीकृति लिने समेतका सो सँग सम्बन्धित आवश्यक सम्पूर्ण काम-कारवाही गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

**८. बैंकको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधन स्वीकृत गर्ने सम्वन्धी विशेष प्रस्ताव पारीत गर्ने । तथा प्रस्तावित संशोधनमा नियमनकारी निकाय(हरु) बाट कुनै सामान्य फेरबदल सुझाव भएमा सो सुझाव अनुसार आवश्यक फेरबदल गर्न बैंकको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै व्यक्तिलाई अख्तियारी दिने :**

**बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अध्यक्ष ज्यू बाट सभा समक्ष विशेष प्रस्ताव पेश गरीएकोमा सभाले सर्वसम्मतिबाट उल्लेखित विशेष प्रस्ताव देहाय बमोजिम पारित भयो :**

**प्रवन्धपत्रको दफा ५(क), ५(ख) र ५(ग) संशोधन सम्वन्धी निर्णय :**

प्रबन्ध-पत्र संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा सभाका अध्यक्षज्यूले शेयरधनी महानुभावहरुलाई साधारण सभाको सूचनासाथ पठाइएको तीन महलेमा उल्लेखित

कारणहरुले गर्दा संशोधन गर्नु परेको जानकारी गराउनु भयो । साथै **प्रवन्ध-पत्रको ५(ख) तथा ५(ग) क्रमसः जारी तथा चुक्ता पूँजी बृद्धि गरी रू. ३,७४,९९,०१,३३३ (अक्षेरुपी तीन अर्ब चौहत्तर करोड उनान्सय लाख एक हजार तिन सय तेत्तिस रुपैयाँ)** हुने गरी र प्रवन्ध-पत्रको दफा ५(क) मा साविकको अधिकृत पुँजीलाई संसोधन गरी माथी विशेष प्रस्तावको बुँदा नं. ५ मा पारीत अधिकृत पुँजी **रु. ८,००,००,००,०००/- (अक्षेरुपी आठ अर्ब रुपैयाँ)** कायम गरी बैंकको प्रबन्धपत्रको संशोधन स्वीकृत गर्ने विशेष प्रस्ताव सभाका अध्यक्षज्यूबाट पेश हुँदा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**बैंकको नियमावलीको नियम २९ र नियम ३१(३) संशोधन स्वीकृत गर्ने ।**

**निर्णयः**
बैंकको नियमावलीको नियम २९ मा रहेको हालको व्यवस्थालाई संसोधन गरी **"पूँजी बृद्धि गर्न बैंकले नयाँ निष्काशन (फर्दर पब्लिक इस्यू) गर्न सक्नेछ"** भन्ने व्यवस्था राखी बैंकको नियमावलीको नियम २९ मा संसोधन स्वीकृत गर्ने विशेष प्रस्ताव सभाका अध्यक्षज्यूबाट पेश हुँदा सो विशेष प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो । साथै बैंकको नियमावलीको नियम ३१ को उपनियम (३) मा रहेको हालको व्यवस्थालाई संसोधन गरी **"संचालक समितिले संचालक समिति अन्तर्गत रहने अन्य कुनै उप-समिति गठन गरेमा उक्त समितिमा उपस्थित भए वापत सदस्यले पाउने प्रति बैठक भत्ता रु. १२,५०० हुनेछ तथा अध्यक्षले पाउने प्रति बैठक भत्ता रु. १५,००० हुनेछ । द्रष्टव्य : माथि उपनियम ३ को व्यवस्था उप-समितिमा रहने बैंकका कर्मचारीका हकमा लागु हुनेछैन ।"** भन्ने व्यवस्था राखी बैंकको नियमावलीको नियम ३१ को उपनियम (३) मा संसोधन स्वीकृत गर्ने विशेष प्रस्ताव सभाका अध्यक्षज्यूबाट पेश हुँदा सो विशेष प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**ग.विविधः**
सभाका अध्यक्षज्यूले यस विषयमा कुनै प्रस्ताव नभएको जानकारी गराउनु भयो ।

**१३. धन्यवाद ज्ञापन**ः
छलफलको निमित्त राखिएका प्रस्तावहरुमा सभाले निर्णय गर्ने कार्य सकिएपछि सभाका अध्यक्षज्यूले बैंकको राम्रो कार्यसम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो र तीसौं वार्षिक साधारण सभामा सहभागी हुनु भई सभा सुचारु रूपले सञ्चालन गर्न र सफल पार्न सहयोग गर्नुभएकोमा सबै शेयरधनीहरू, नियमनकारी निकायका प्रतिनिधिहरु, सम्पूर्ण शुभचिन्तकहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**१४. सभा बिसर्जन**ः
अन्तमा साँझ **५:०० बजे** सभाका अध्यक्षज्यूले बैंकको तीसौं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

श्री अनन्त नारायण
**अध्यक्ष**

बिमल प्रताप सिंह
**कम्पनी सचिव**